स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित कार्यपालिका सदस्यहरुको दोश्रो बैठक

मितिः २०७९ साल जेष्ठ महिनाको १८ गते बुधबार

समयः बिहान ७:३० बजे

स्थानः मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दर्बाङ, म्याग्दी

**अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष**

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य

अन्य उपस्थितिः

श्री मनिष शर्मा अधिकारी, आ.ले.प. सहायक

श्री सागर पौडेल, लेखापाल

श्री लिलाधर गैरे, कार्यालय सहायक

प्रस्तावहरुः

१. गाउँसभा आह्वान गर्ने सम्बन्धमा ।

२. कार्यविधि एवम् नियमावली पारित गर्ने सम्बन्धमा

३. विषयगत समिति गठन सम्बन्धमा

४. रकमान्तर सम्बन्धमा

५. विविध

निर्णयः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा विभिन्न ऐन, नियमावली पारित गर्नुपर्ने, न्यायिक समिति तथा विषयगत समितिहरु गठन गर्नुपर्ने एवम् आ.व. २०७८/०७९ को बजेटमा रकमान्तर गरी हालसम्म कार्यान्वयन हुन नसकेका केहि योजना तत्काल सञ्चालन गर्नु पर्ने भएकोले मालिका गाउँपालिकाको विशेष गाउँ सभा मिति २०७९/०२/१८ अपरान्ह २:०० बजे बोलाउने निर्णय गरियो ।

२. प्रस्ताव नं १ माथि छलफल गरी तपसिल बमोजिमका कार्यविधि तथा नियमावली माथि दफावार छलफल गरी सर्वसम्मतिले पारित गरियो । साथै पारित भएको नियमावली गाउँसभाबाट समेत पारित गर्नु पर्ने भएकोले दफावार छलफलका लागि गाउँसभामा पेश गर्ने ।

**तपसिल**

(क) बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

(ख) विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९

(ग) कार्यसम्पादन नियमावली, २०७९

३. प्रस्ताव नं ३ माथि छलफल गरी गाउँपालिकाको शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहलाई व्यवस्थित गर्न एवम् बजेट तथा नीति कार्यक्रमको निर्बाध सञ्चालन गर्न

हेमराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तपसिलका समिति गठन गरी गाउँसभामा पेश गर्ने ।

तपसिल

(क) भौतिक पूर्वाधार विकास समिति

उदय कुमार बुढा — संयोजक

मोती प्रसाद बुढा — सदस्य

नरेन्द्र निउरे — सदस्य

गाउँपालिकाको इन्जिनियर — सदस्य सचिव

(ख) आर्थिक विकास समिति

पथ बहादुर रोका — संयोजक

भक्ति बहादुर घर्ती मगर— सदस्य

हर्कमान जुग्जाली — सदस्य

गाउँपालिकाको राजश्व शाखा प्रमुख — सदस्य सचिव

(ग) सामाजिक विकास समिति

गौमती चपाई — संयोजक

मन कुमारी पुन — सदस्य

रजनी जुग्जाली — सदस्य

गाउँपालिकाको सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति

टक बहादुर पुन — संयोजक

अनुप गौचन — सदस्य

सतदेवी दमिनी —सदस्य

गाउँपालिकाको इन्जिनियर — सदस्य सचिव

(ङ) सुशासन तथा संस्थागत क्षमता विकास समिति

भक्त बहादुर पुन — संयोजक

गर्भे गुरुङ — सदस्य

कुल बहादुर बुढा — सदस्य

गाउँपालिकाको आ.ले.प. शाखा प्रमुख — सदस्य सचिव

(च) अनुगमन समिति

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(च) अनुगमन समिति

लक्ष्मी देवी घर्ती मगर पुन — संयोजक

गौमती चपाई — सदस्य

उदय कुमार बुढाथोकी — सदस्य

गाउँपालिकाको इन्जिनियर — सदस्य

गाउँपालिकाको योजना शाखा प्रमुख — सदस्य

(छ) विधेयक समिति

अनुप गौचन — संयोजक

तनदेवी पुर्जा — सदस्य

भिमसरा रसाइली — सदस्य

४. प्रस्ताव नं. ४ माथि छलफल गरी चालु आ.व. मा विभिन्न योजना सञ्चालनार्थ विनियोजन गरिएको बजेट कार्यान्वयन नभएको र असार मसान्तसम्म समेत सञ्चालन हुन सहज नठानिएका तपसिल बमोजिमका शिर्षकमा विनियोजित बजेट योजना सञ्चालन हुन सक्ने र चालु आ.व. मै फस्यौंट हुन सक्ने उल्लिखित योजनाहरुमा रकमान्तर स्वीकृत गरी पारित गर्नका लागि गाउँसभामा पेश गर्ने ।

| क्र.सं. | चालु आ.व. २०७८/०७९ मा बजेट विनियोजन भएको शिर्षक | विनियोजित रकम | रकमान्तर गरी रकम विनियोजन गर्ने शिर्षक | रकमान्तर गर्ने रकम |
|---|---|---|---|---|
| १. | लक्षित वर्गको उत्थान कार्यक्रम | १० लाख | खरको छाना विस्थापन गर्न जस्तापाता वितरण | १० लाख |
| २. | कृषि अनुदान | १० लाख | किसानी मा.वि. प्राविधिक शिक्षालयको प्रयोगशाला व्यवस्थापन | १० लाख |
| ३. | मालिका प्रवेशद्वार निर्माण, दुखु खोला | ५ लाख | सिद्ध आ.वि. खेल मैदान संरक्षण | ५ लाख |
| ४. | नमूना कृषि बस्ती निर्माण | ५ लाख | फलफुलका बिरुवा वितरण | ५ लाख |

हेमराज काप्ले
प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५. | गौतम बुद्ध स्तुपा निर्माण | १५ लाख | मगरदाङ एकल सल्ला बस्तीमा खानेपानी पाईप खरिद | ५ लाख |
| ६. | दरबाङ बजार सडक बत्ती जडान, वडा नं ६ | १० लाख | ढाडखर्क लिफ्ट प्रविधि सिंचाई कार्यक्रम | १० लाख |
| ७. | दुखुबेसी बस्ती संरक्षण | १० लाख | दुखुबेसी खेलमैदान निर्माण | १० लाख |
| ८. | म्याग्दी खोला डाइभर्ट (सवटा) | १ लाख | दुखु तोलावांङ कुलो निर्माण | १ लाख |
| ९. | गोगनपानी खानेपानी | २ लाख २८ हजार | समिक्षा आमा संरक्षण | २ लाख २८ हजार |

५. प्रस्ताव नं ५ माथि छलफल गरी तपसिल बमोजिमका निर्णय गरियो ।

तपसिल

(क) वडा नं १ मा रहेको मक्कीखोला लघु जलविद्युत मर्मतका लागि विपद शिर्षकबाट १,५०,००० (अक्षरेपि एक लाख पचास हजार रुपैयाँ) खर्च गर्ने गरी काम अगाडि बढाउने ।

(ख) वडा नं २ स्थित दोभान खोलाको कच्ची पुल मर्मतका लागि विपद शिर्षकबाट १,५०,००० (अक्षरेपि एक लाख पचास हजार) विनियोजन गर्ने ।

(ग) वडा नं ६ अन्तर्गत तोलावाङ बस्ती संरक्षणका लागि विपद शिर्षकबाट ५,००,००० (पाँच लाख रुपैयाँ) विनियोजन गर्ने ।

(घ) वडा नं ७ स्थायी ठेगाना भएका कृष्ण सापकोटा खेत जोत्ने टिलरले खुट्टा क्षत विक्षत भई अस्पतालमा उपचार गर्दा खुट्टा काटी फालेको अवस्था भएको र निजको उपचारमा ठूलो रकम खर्च भएको र पारिवरिक आर्थिक स्थिति समेत कमजोर भएकोले निजको उपचारका लागि विशेष राहत प्रदान गर्न रु १,००,००० (एक लाख रुपैयाँ) प्रदान गर्ने ।

(ङ) वडा नं १ मा सिचाई व्यवस्थापनका लागि रु २,००,००० (अक्षरेपि दुई लाख रुपैयाँ ) विपद शिर्षकबाट विनियोजन गर्ने ।

हेमराज कापडी
प्रमुख प्रशासकीय अधिकृत

देव प्रसाद गर्बुजा
अध्यक्ष

(च) वडा नं १ स्थित भट्टखोला बस्तिखोला बस्ती संरक्षणका लागि विपद/विविध शीर्षकबाट रु ३,००,००० (तीन लाख रुपैयाँ) विनियोजन गर्ने ।

(छ) चालु आ.व. को बर्षायाममा वडा नं ६ स्थित तोलावाङ बांगे पहिरो हटाई बाटो सुचारु गर्दा खर्च भएको इन्धन बापत भुक्तानी माग भएको र प्रहरी मुचुल्का समेत पेश भएकोले मालिका आयल स्टोर्स प्रा.लि. ले पेश गरेको बिल बमोजिमको रकम इन्धन अन्य प्रयोजन वा विविध शिर्षकबाट भुक्तानी दिने ।

(ज) आ.व. २०७८/०७९ मा खरिपाटी खरिद एवम् स्मार्ट डायरी खरिद शिर्षकबाट भएको खरिदको बिल बमोजिमको रकम सम्बन्धित शिर्षकबाट भुक्तानी दिने ।

(झ) आ.व. २०७७/०७८ मा बजेट प्राप्त भई आ.व. २०७८/०७९ मा सम्झौता थप भएको खारा बिम सडकको सिर्जना भएको दायित्व बापतको रु १८,२०,२५८ (अक्षरेपि अठार लाख बिस हजार दुई सय अन्ठाउन्न) समपुरक अनुदानबाट भुक्तानी दिने ।

(ञ) आ.व. २०७७/०७८ मा बजेट प्राप्त भई आ.व. २०७८/०७९ मा सम्झौता थप भएको फोहोरमैला व्यवस्थापन अन्तर्गत दायित्व सिर्जना भएको १३,००,००० (तेह्र लाख रुपैयाँ) विशेष अनुदान शिर्षकबाट भुक्तानी दिने ।

(ट) वडा नं ३ को वडा कार्यालय व्यवस्थापनका लागि १००,००० (एक लाख रुपैयाँ) विपद शिर्षकबाट विनियोजन गर्ने ।

(ठ) वडा नं ४ को कार्यालय मर्मतका लागि विपद शिर्षकबाट १,५०,००० (अक्षरेपि एक लाख पचास हजार) विनियोजन गर्ने ।

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

खेम प्रसाद गर्बुजा
अध्यक्ष

मालिका गाउँकार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३